# <u>प्रदेश स्तरीय खेलकूद प्रतियोगिता सञ्चालन कार्यविधि,२०७८</u>

**प्रस्तावनाः**

स्थानीय स्तरदेखि खेल प्रतिभाको खोजी र पहिचान गरी प्रतिभावान् खेलाडी उत्पादन गर्ने तथा खेलकूदको विकास र विस्तार गर्ने प्रयोजनका लागि प्रदेश स्तरमा सञ्चालन हुने विभिन्न खेलकूद प्रतियोगिताहरूलाई मर्यादित र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

प्रदेश खेलकूद विकास नियमावली २०७६ को नियम २० ले दिएको अधिकार प्रयोग गरी प्रदेश खेलकूद विकास परिषद्ले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> **(१)** यस कार्यविधिको नाम "प्रदेश स्तरीय खेलकूद प्रतियोगिता सञ्चालन कार्यविधि,२०७८" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकूद विकास ऐन,२०७५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले प्रदेश खेलकूद विकास नियमावली, २०७६ सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले प्रदेश खेलकूद विकास परिषद् सम्झनु पर्छ ।

(घ) "प्रतियोगिता" भन्नाले परिषदले यस कार्यविधि बमोजिम आयोजना गर्ने प्रदेशस्तरको जुनसुकै खेलकूद प्रतियोगितालाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय (हाल परिवर्तित युवा तथा खेलकुद मन्त्रालय), बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले परिषदका सदस्यहरूलाई सम्झनु पर्छ ।

(ज) "सदस्य-सचिव" भन्नाले परिषदको सदस्य-सचिवलाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले प्रदेश स्तरीय खेलकूद प्रतियोगिता सञ्चालनका लागि गठन गरिने दफा १३ बमोजिमको कार्यकारी समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## <u>उद्देश्य</u>

३. <u>उद्देश्यः</u> यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) खेलकूदलाई जनस्तरसम्म खेल जागरण अभियानको रूपमा विकसित गराउनु,

(ख) स्थानीय, जिल्ला र प्रदेश प्रतियोगिताको माध्यमबाट तहगत रुपमा उत्कृष्ट खेलाडीहरूको पहिचान र संरक्षण गर्नु,

(ग) प्रतिभाशाली खेलाडीहरूको छनौट गरी प्रशिक्षण सञ्चालन गर्नु,

(घ) युवाहरूलाई खेलकूदप्रति आकर्षित गरी खेल संस्कृतिको विकास गर्नु,

(ङ) राष्ट्रिय प्रतियोगितामा प्रदेशको सहभागीताका लागि खेलाडी छनौट गरी नियमित प्रशिक्षणको व्यवस्था मिलाउनु,

(च) जिल्ला तथा प्रदेश स्तरमा खेल पूर्वाधार निर्माण एवम् मर्मत गरी प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्नु।

## परिच्छेद-३

## <u>खेल तथा खेलाडी छनौट र प्रतियोगिताको स्वरुप</u>

४. **<u>प्रतियोगिताको स्वरुपः</u>** प्रदेश खेलकूद प्रतियोगिताको स्वरुप स्थानीय स्तरको प्रतियोगिता वा छनौट, जिल्ला प्रतियोगिता मार्फत छनौट र प्रदेश प्रतियोगिता गरी प्रदेश विजेता छनौट गर्ने गरी सम्पन्न गरिनेछ ।

५. **<u>स्थानीय प्रतियोगिताः</u>** स्थानीय तहले प्रतियोगिता वा छनौट मार्फत उत्कृष्ट तथा प्रतिभाशाली खेलाडीहरूको टिम तयार गरी जिल्ला प्रतियोगितामा सहभागी गराउनु पर्नेछ । स्थानीय स्तरको खेलकूद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नेछ ।

६. **<u>जिल्ला प्रतियोगिताः</u>** (१) जिल्लामा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित जिल्ला खेलकूद विकास समितिबाट हुनेछ । जिल्ला स्तरमा प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित जिल्लाको प्रशासन कार्यालय, शिक्षा हेर्ने निकाय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, प्रदेश प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ ।

(२) जिल्ला खेलकूद प्रतियोगिता सञ्चालनार्थ प्राप्त हुने अनुदान रकम जिल्ला खेलकूद विकास समितिले देहायका विषयमा खर्च गर्नुपर्नेछः-

(क) खेल सामाग्री

(ख) खेल मैदान

(ग) निर्णायक तथा अफिसियल भत्ता

(घ) बन्द प्रशिक्षण

(ङ) खेल पोशाक

(च) खाजा

(छ) मसलन्द

(३) जिल्ला प्रतियोगितामा सहभागी भएका टिम, खेलतर्फ विजयी टिमका साथै सहभागी अन्य टिमका प्रतिभाशाली खेलाडीहरू तथा व्यक्तिगत प्रतिस्पर्धा तर्फका विजयी खेलाडी समेतलाई समावेश गरी उत्कृष्टताको आधारमा जिल्ला टिम तयार गरी प्रदेश प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

(४) उपदफा (४) बमोजिमको खेलाडीहरूको टिम तयार गर्न देहाय बमोजिमको खेलाडी छनौट समिति रहनेछः-

(क) अध्यक्ष, जिल्ला खेलकूद विकास समिति -संयोजक

(ख) संयोजकद्वारा मनोनीत सम्बन्धित खेलको सिनियर प्रशिक्षक एक जना -सदस्य

(ग) जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुख - सचिव

(५) जिल्लास्तरीय प्रतियोगिता स्थल छनौट गर्दा जिल्ला खेलकूद विकास समितिले परिषदसँग समन्वय गरी छनौट गर्नु पर्नेछ ।

७. **<u>प्रदेश प्रतियोगिता:</u>** (१) प्रदेशमा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन परिषदबाट हुनेछ। प्रदेश स्तरमा प्रतियोगिता सञ्चालन गर्दा प्रतियोगिता सञ्चालन हुने जिल्लाको प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, प्रदेश प्रहरी, सशस्त्र प्रहरी बल, शिक्षा हेर्ने निकायका प्रदेशस्तरीय कार्यालयसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ।

(२)खेलाडी, प्रशिक्षक, निर्णायक तथा अफिसियललाई प्रदान गरिने नगद पुरस्कार तथा सुविधाहरु दफा १९ र २० मा उल्लेख भए बमोजिम हुनेछ।

(३)प्रतियोगितामा गरिने खर्चको मापदण्ड दफा २१ बमोजिम हुनेछ ।

८. **<u>प्रतियोगिता सञ्चालन समयसीमा र टिम छनौटः</u>** (१) समितिले प्रतियोगितामा समावेश हुने खेलहरुको निर्धारण गरी स्थानीयस्तर र जिल्लामा खेल सञ्चालन हुने समयसीमा तोक्नुपर्नेछ ।

(२) उपदफा (१) को समय सीमाभित्र स्थानीय तहले प्रतियोगिता वा छनौट गरी जिल्ला प्रतियोगिताको लागि र जिल्ला खेलकूद विकास समितिले प्रतियोगिता मार्फत टिम तयार गरी प्रदेश प्रतियोगिताका लागि पठाउनु पर्नेछ ।

९. **<u>खेलाडी दर्ता:</u>** जिल्ला तथा प्रदेश खेलकूद प्रतियोगितामा सहभागी हुने खेलाडीहरूको नाम दर्ताका लागि समितिले तोकेको मितिभित्र अनुसूची -१ बमोजिमको फाराम जिल्ला खेलकूद विकास समितिबाट उपलब्ध गराएको दर्ता फाराम भरी जिल्ला प्रतियोगितामा सहभागी हुनेको हकमा जिल्ला खेलकूद विकास समितिलाई र प्रदेश प्रतियोगितामा सहभागी हुनेको हकमा परिषद्लाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **<u>मूल आयोजक समितिः</u>** प्रदेशस्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्न युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा प्रदेश सभाका खेलकूदसँग सम्बन्धित समितिका सभापति एवं सदस्यहरु, प्रदेश नीति तथा योजना आयोगका खेलकूद हेर्ने सदस्य, सामाजिक विकास मन्त्रालय (हाल परिवर्तित युवा तथा खेलकुद मन्त्रालय)का सचिव, आयोजना स्थलका सम्बन्धित स्थानीय तहका प्रमुखहरु, प्रदेश खेलकूद विकास परिषद्का सदस्यहरु, प्रतियोगितामा समावेश हुने खेलका प्रदेश खेल संघका अध्यक्षहरु, उद्योग व्यापार क्षेत्रका संस्थाका प्रमुखहरु, लगायतको आयोजक समिति रहनेछ ।

११. **<u>अनुगमन तथा मूल्याङ्कन समितिः</u>** प्रदेशस्तरीय प्रतियोगिता अनुगमन तथा मूल्याङ्कन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय (हाल परिवर्तित युवा तथा खेलकुद मन्त्रालय) -अध्यक्ष

(ख) प्रदेश सभाका खेलकूद हेर्ने विषयगत समितिका सभापति -सदस्य

(ग) प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रदेश सभाका माननीय सदस्यहरु -सदस्य

(घ) सचिव, सामाजिक विकास मन्त्रालय (हाल परिवर्तित युवा तथा खेलकुद मन्त्रालय) -सदस्य

(ङ) प्रतियोगिता आयोजना स्थलका स्थानीय तहका प्रमुखहरु -सदस्य

(च) सदस्य-सचिव, प्रदेश खेलकूद विकास परिषद् -सचिव

१२. <u>अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u> अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतियोगिताको समग्र अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने,

(ख) प्रतियोगितालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि समितिलाई मार्गदर्शन गर्ने,

(ग) समिति तथा उपसमितिहरुलाई आवश्यक निर्देशन दिने,

(घ) प्रतियोगिता आयोजनाको सन्दर्भमा प्रदेश अन्तर्गतका निकाय तथा स्थानीय तहसँग समन्वय गर्ने।

१३. <u>कार्यकारी समिति</u>ः (१) प्रदेश स्तरीय खेलकूद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन, भौतिक पूर्वाधार, प्रशिक्षण, प्रतियोगिताको स्वरूप, प्रोत्साहन, पुरस्कार तथा अन्य पक्षहरूको व्यवस्थापन गर्न देहायको समिति रहनेछः-

(क) सदस्य सचिव -संयोजक

(ख) कार्यालय प्रमुख, परिषद् -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मन्त्रालय -सदस्य

(घ) प्रमुख, खेलकूद विज्ञान प्रतिष्ठान -सदस्य

(ङ) प्रमुख, प्रशासन र खेलकूद विकास शाखा, परिषद् -सदस्य

(च) संयोजकले तोकेको खेल विज्ञ चार जना -सदस्य

(छ) प्रदेश प्रतियोगिता सञ्चालन हुने जिल्लाका परिषद् सदस्यहरु -सदस्य

(ज) प्रमुख, तालिम तथा खेलकूद प्रतियोगिता शाखा, परिषद् -सदस्यसचिव

(२) समितिको बैठकमा प्रतियोगितासँग सम्बन्धित व्यक्तिहरूलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

१४. <u>कार्यकारी समितिको काम कर्तव्य र अधिकार</u>: कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रतियोगिताको स्थान, समय र ढाँचा निर्धारण गर्ने,

(ख) परिषद् मातहतका खेल पूर्वाधारहरू उपलब्ध नभएको वा मर्मत हुँदै रहेको अवस्थामा अन्य निकायहरूसँग आवश्यक समन्वय गरी अन्य क्षेत्रको पूर्वाधार समेत प्रयोग गर्ने,

(ग) आवश्यकता अनुसार सम्बन्धित संघ वा प्रतिनिधिको सिफारिसमा सम्बन्धित खेलाडी, विज्ञ वा प्राविधिकको सल्लाह र समन्वयमा खेलाडीहरूलाई बन्द प्रशिक्षणमा राख्ने,

(घ) प्रतियोगितामा सहभागी हुने जिल्ला टिमको ड्रेस कोड निर्धारण गर्ने,

(ङ) प्रतियोगिता सञ्चालनका लागि प्राबिधिक समितिको सिफारिसमा निर्णायकहरु छनौट गर्ने,

(च) खेलसँग सम्बन्धित संघ संस्थाहरूसँग खेलकूद गतिविधिमा आवश्यक समन्वय र सहकार्य गर्ने,

(छ) स्वीकृत बजेटको परिधिभित्र रही प्रतियोगिता सम्पन्न गर्नका लागि शीर्षकगत बजेट बाँडफाँट गरी खर्च गर्ने,

(ज) प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न आवश्यकता अनुसार निश्चित समयका लागि स्वयंसेवक परिचालन गर्ने,

(झ) प्रतियोगिताका विजयी खेलाडीका लागि मेडल, ट्रफी, प्रमाणपत्र लगायतका विषयमा निर्णय गर्ने,

(ञ) परिषद्ले तोकेका एवं प्रतियोगितासँग सम्बन्धित अन्य भैपरी आउने कार्य गर्ने,

१५. <u>कार्यकारी समितिको बैठक</u>: कार्यकारी समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र स्थानमा बस्नेछ ।

१६. <u>उपसमिति:</u> (१) प्रदेश स्तरीय खेलकूद प्रतियोगिता सहज तथा व्यवस्थित ढङ्गले सञ्चालन गर्न समितिले आफू अन्तर्गत रहने गरी उपसमितिको कार्यक्षेत्र तथा सर्तहरु तोकी देहाय अनुसार उपसमिति गठन गरी कार्य गराउन सक्नेछ:-

(क) समारोह तथा प्रचारप्रसार उपसमिति,

(ख) खेलस्थल व्यवस्थापन उपसमिति,

(ग) बसोबास तथा यातायात व्यवस्थापन उपसमिति,

(घ) अनुशासन तथा सुरक्षा प्रबन्ध उपसमिति,

(ङ) पुरस्कार, खेल सामग्री तथा पोशाक व्यवस्थापन उपसमिति,

(च) स्वास्थ्य उपसमिति ।

(२) उपदफा (१) बमोजिमको प्रत्येक उपसमिति बढीमा पाँच सदस्यीय हुनेछ ।

(३) उपसमितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेर गरेका निर्णय एवम् कार्यहरुको प्रतिवेदन कार्यकारी समितिमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-४

## प्राविधिक समिति

१७. **प्राविधिक समितिः** प्रतियोगितामा समावेश भएका प्रत्येक खेलको लागि देहाय बमोजिमको सदस्य सचिवद्वारा मनोनित ३(तीन) सदस्यीय प्राविधिक समिति रहनेछः-

(क) सम्बन्धित खेलको विज्ञ - संयोजक

(ख) सम्बन्धित खेलको अन्तर्राष्ट्रिय निर्णायक - सदस्य

(ग) खेल विज्ञ मध्येबाट एक जना -सदस्य

१८. **प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः** प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको क्रममा आएका खेलसम्बन्धी विवाद समाधान गर्ने,

(ख) समितिलाई खेल तथा प्रतियोगिता सम्बन्धी राय सुझाव दिने,

(ग) खेलाडी तथा प्राविधिक कोटा निर्धारण गरी समितिलाई सिफारिस गर्ने,

(घ) कार्यकारी समितिलाई अन्य प्राविधिक सहयोग गर्ने ।

## परिच्छेद-५

## आर्थिक व्यवस्थापन

१९. **रकम निकासा तथा खर्चः**:- प्रतियोगिताका सहभागी र निर्णायकको भत्ता तथा अन्य शीर्षकमा रकम खर्च गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) जिल्ला प्रतियोगिताको हकमा जिल्ला खेलकूद विकास समितिको स्वीकृति लिई खर्च गर्नुपर्नेछ ।

(ख) प्रदेश खेलकूद प्रतियोगिताको हकमा परिषद्का सदस्य सचिव वा निजले अधिकार प्रत्यायोजन गरेको पदाधिकारी वा कर्मचारीको स्वीकृति लिइ खर्च गर्नुपर्नेछ ।

(ग) जिल्ला प्रतियोगिता सञ्चालनका लागि आवश्यक स्वीकृत बजेट समितिले सम्बन्धित जिल्लालाई उपलब्ध गराउनेछ ।

(घ) प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, अफिसियल र व्यवस्थापकलाई परिषदबाट झोला, ट्र्याकसुट, जुत्ता, मोजा र टावेल वा सो बराबरको नगद रकम उपलब्ध गराइनेछ ।

(ङ) प्रतियोगिताका लागि निकासा भएको रकमको बिल भरपाई प्रतियोगिता समाप्त भएको ३५ दिनभित्र सम्बन्धित उपसमितिले कार्यकारी समितिमा पेश गर्नुपर्नेछ । जिल्लाको हकमा फछ्र्यौट गर्ने गराउने जिम्मा जिल्ला खेलकूद विकास समितिका अध्यक्ष र सचिवको हुनेछ ।

(च) प्रतियोगिताको सञ्चालन गर्दा बजेट शीर्षक भित्र रही खर्च गर्नुपर्नेछ तर कुनै कारणबश कुनै उपशीर्षकमा बजेट नपुग भइ खर्च नगरी नहुने अवस्था आइपरेमा

अन्य उपशीर्षकमा भएको बचत रकमबाट कार्यकारी समितिको स्वीकृति लिइ वजेट थपघट गरी  खर्च गर्न सकिनेछ ।

(छ) प्रतियोगिता अवधिभित्र कुनै आकस्मिक घटना भइ प्रतियोगिताका लागि छुट्याइएको रकम नपुग भइ कार्य गर्न नसकिने अवस्था भएमा कार्यकारी समितिले निर्णय गरी परिषद्मा रकमका लागि अनुरोध गर्नुपर्नेछ ।

२०. **भत्ता तथा अन्य सुविधाः** (१) प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, टिम मेनेजर, निर्णायक र पदाधिकारीलाई दफा २१ बमोजिमको खर्चको मापदण्ड अनुसारको दैनिक भत्ता तथा सुविधा उपलब्ध गराइनेछ तर जिल्ला प्रतियोगिताको हकमा जिल्लाले नै व्यवस्था गर्नुपर्नेछ ।

(२) प्रदेशस्तरीय प्रतियोगिता तथा प्रशिक्षण अनुगमन गर्नेलाई प्रचलित कानुन बमोजिम दैनिक भत्ता दिइनेछ ।

(३) स्थानीय सहभागीलाई प्रतियोगिता सुरु हुनुभन्दा एक दिन अगाडिदेखि आफ्नो टिमको प्रतियोगिता अवधिसम्म दैनिक भत्ता दिइनेछ भने अन्य जिल्लाका सहभागीलाई बाटोको लागि लाग्ने दिनको समेत दैनिक भत्ता दिइनेछ।

(४) कुनै पनि सहभागीलाई दोहोरो पर्ने गरी दैनिक भत्ता दिइने छैन ।

(५) प्रदेशस्तरीय प्रतियोगिताको लागि आवश्यक खरिदसम्बन्धी कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम नै गर्नुपर्नेछ ।

(६) प्रदेशस्तरीय प्रतियोगिताको लागि गठित विभिन्न उपसमितिका पदाधिकारीका नाममा पेश्की लिई सम्बन्धित उपसमितिले तोकिएको कार्य गर्न सक्नेछ ।

२१. **खर्चको मापदण्डः** (१) प्रशिक्षक परिचालन अन्तर्गत एक जिल्लाबाट अर्को जिल्लामा खेलाडीहरुलाई प्रशिक्षण दिन जाँदा प्रतिव्यक्ति प्रतिदिन रु ७००/- का दरले खाना बसोबास बापत उपलब्ध गराइनेछ ।

(२) प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा निर्णायकहरुलाई खेल अवधिभर दैनिक रु २०००/- का दरले भत्ता उपलब्ध गराइनेछ ।

(३) जिल्ला प्रतियोगिता पश्चात प्रदेशस्तरीय प्रतियोगिताको बन्द प्रशिक्षणमा समावेश हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा निर्णायकहरुलाई खाना बसोबास वापत दैनिक रु २०००/- का दरले उपलब्ध गराइनेछ ।

(४) प्रदेशस्तरीय प्रतियोगितामा निर्णायक भइ काम गर्ने अन्तर्राष्ट्रिय निर्णायकलाई काम गरेको दिनको खाना बसोबास र भ्रमण खर्चका अतिरिक्त रु ६००/- र अन्य निर्णायकलाई रु ५००/- भत्ता १५ प्रतिशत कर कट्टी गरी प्रदान गरिनेछ ।

(५) अनुगमन निरीक्षणमा जाने पदाधिकारी तथा कर्मचारीलाई स्वीकृत भ्रमण आदेशका आधारमा प्रचलित कानुन बमोजिम दैनिक तथा भ्रमण खर्च उपलब्ध गराइनेछ ।

(६) प्रदेशस्तरीय प्रतियोगिताका लागि गठित कार्यकारी समिति र उपसमितिको बैठकका सहभागीले नियमानुसार बैठक भत्ता पाउनेछन् ।

(७)प्रतियोगिताको दौरानमा कार्यालय समय अतिरिक्त ३(तीन) घण्टाभन्दा बढी र सार्वजनिक विदामा खटिने पदाधिकारी तथा कर्मचारीलाई प्रतिव्यक्ति प्रतिदिन रु ६००/- का दरले रकम उपलब्ध गराइनेछ।

(८)प्रदेशस्तरीय प्रतियोगिताका लागि आयोजना स्थलमा स्वयंसेवक आवश्यक भएको व्यहोरा प्राबिधिक समितिबाट निर्णय गराई प्रतियोगिता समाप्त भएको भोलीपल्ट स्वतः हट्ने गरी समितिले बढीमा १२५ जनालाई स्वयंसेवकको रुपमा काममा लगाउन सक्नेछ । स्वयंसेवकलाई काम गरेको दिनको लागि खाजा खाना बापत प्रतिदिन प्रतिव्यक्ति रु. ६००/- उपलब्ध गराइनेछ ।

(९)जिल्ला प्रतियोगिताको लागि प्रत्येक जिल्लालाई आफ्नो जिल्लाको खेलकूद प्रतियोगिता सञ्चालन गर्न आवश्यक रकम औचित्य र सम्भाव्यताका आधारमा कार्यकारी समितिले निर्णय गर्नेछ ।

(१०) प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, अफिसियल, निर्णायक तथा व्यवस्थापकहरुलाई ट्याकसुट, जुत्ता, मोजा, टावेल सहितको झोला वा नगद प्रतिव्यक्ती रु ४५००/- का दरले नवढ्ने गरी उपलब्ध गराइनेछ । खेलाडीलाई पोषाक सहितको झोला वा सो बराबरको नगद प्रदान गर्ने भन्ने सम्बन्धमा निर्णय कार्यकारी समितिले गर्नेछ ।

(११) निर्णायकहरुलाई प्रतिव्यक्ति रु ५००/- ले नवढ्ने गरी जर्सी उपलब्ध गराइनेछ ।

(१२) प्रदेश प्रतियोगितामा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने व्यक्तिगत इभेन्टका खेलाडीलाई क्रमशः रु ५०००/-, ४०००/- र ३०००/- तथा टिम गेम्सका स्वर्ण र रजत पदक प्राप्त गर्ने खेलाडीलाई क्रमशः रु ५०००/- र ४०००/- का दरले पुरस्कार उपलब्ध गराइनेछ ।

## परिच्छेद-६

## विविध

२२. **सम्झौता गर्न सक्ने:** प्रतियोगितामा व्यक्ति, निजि कम्पनी, व्यवसायिक संघसंस्था तथा सार्वजनिक निकायले समितिसँग सम्झौता गरी विज्ञापन गर्न सक्नेछ ।

२३. **लोगो र मस्कट छनौट गर्ने:** प्रतियोगिताको स्वरूप हेरी समितिले प्रतीक चिन्ह (लोगो) र मस्कट छनौट गर्नेछ ।

२४. **प्रतियोगितामा सहभागी हुन पाउने:** खेलाडीहरूले अनुसूची -१ बमोजिमको खेलाडी दर्ता फाराम भरी प्रतियोगिता आयोजना गर्ने निकायमा बुझाएपछि मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन् ।

२५. **खेलाडीको बीमा गरिने:** प्रतियोगितामा सहभागी खेलाडीहरूको प्रचलित नियमानुसार दुर्घटना बीमा गराइनेछ ।

२६. <u>शपथ ग्रहणः</u> प्रतियोगिता सञ्चालन गर्दा खेलाडी तथा निर्णायकहरूको शपथग्रहण अनुसूची -२ बमोजिम हुनेछ।

२७. <u>आचारसंहिताः</u> प्रतियोगिता अवधिभर सहभागी खेलाडीहरु, आचरण एवं अनुशासनमा रहे वा नरहेको हेर्ने जिम्मेवारी जिल्लाबाट प्रदेशमा सहभागी हुँदा सम्बन्धित जिल्लाको टोली नेता, व्यवस्थापक तथा अफिसियलमा रहनेछ । जिल्ला तथा प्रदेश प्रतियोगिताको मर्यादामा आघात पुने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागीमाथि आयोजक समिति र सम्बन्धित संघले कसुर अनुसारको कारवाही गरी परिषद्लाई जानकारी गराउनु पर्नेछ र तत्सम्बन्धमा परिषद्को निर्णय अन्तिम हुनेछ ।

२८. <u>प्रतियोगिताबाट अलग हुन नपाउनेः</u> जिल्ला तथा प्रदेश प्रतियोगितामा सहभागी टिम एवं खेलाडीहरु प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन् । तर विशेष कारणवश प्रतियोगिताबाट अलग हुनुपर्ने बाध्यात्मक स्थिति भएमा आयोजकको पूर्व स्वीकृति लिई प्रतियोगिताबाट बाहिरिन सक्नेछन् ।

२९. <u>प्रतियोगिता स्थगितको अवस्थाः</u> मौसमको गडबडी वा कुनै आकस्मिक घटनाका कारणबाट कुनै प्रतियोगिता वा खेल स्थगित भएमा सो प्रतियोगिता प्रदेश खेलकूद परिषद् तथा सम्बन्धित खेल संघसँग सल्लाह गरी आयोजक समितिले निर्धारण गरेको स्थान, समय र मितिमा गरिनेछ ।

३०. <u>दावी विरोध गर्न सक्नेः</u> खेल अवधिमा कुनै टिमका व्यक्तिगत तथा टिम प्रतिस्पर्धामा सहभागी भएका खेलाडी उपर कुनै विवाद उत्पन्न भएमा निज उपर सम्बन्धित सरोकारवाला टिमको तर्फबाट रु ५०००/- शुल्क सहित आयोजक समक्ष दाबी विरोध पेश गर्न सक्नेछन्। दाबी विरोध परेमा सम्बन्धित खेलको प्राविधिक समितिले नियमानुसार आवश्यक छानबिन गरी निर्णय दिनुपर्ने छ र सो निर्णय नै अन्तिम हुनेछ ।

३१. <u>वाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै समस्या आइ परेमा मन्त्रालयले आवश्यकता अनुसार वाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची-१
(दफा - ९ सँग सम्बन्धित)
प्रदेश खेलकूद विकास परिषद्
........जिल्ला/गा.पा./न.पा.
.............................. प्रतियोगिता-२०....

फोटो

**<u>खेलाडी दर्ता फाराम</u>**

खेलाडी दर्ता नं....................................................... दर्ता मिति...............................................................

खेलाडीको नाम....................................................... तह .....................

तहगत वर्ष.......................................... रोल नं... ...... .........

तौल समूहः................................…

अध्ययनरत संस्थाको नामः..............................................

खेलको नामः........................................…

ईभेन्टस्............................................ खेल शुरु गरेको मिति .......................…

प्रशिक्षक/ भोलिन्टियर प्रशिक्षकको नामः........................................प्रशिक्षण स्थलः...............................

हालसम्म सहभागी प्रतियोगिताको नामः

१...................................................................................................................

२...................................................................................................................

३...................................................................................................................

४...................................................................................................................

५...................................................................................................................

महिला/ पुरुषः......................................

उचाई...........................................................

तौल........................................................          जन्म मिति..................................................

नागरिकता नं............................................

स्थायी ठेगाना- पालिका.........................................   वडा नं–..................................................

जिल्लाः..................................................................

प्रदेशः.....................................................

फोन नः.................................................................

मो.नः.....................................................

बावुको नाम.........................................................   आमाको नाम.......................................

पेशाः.....................................................................

प्रदेश खेलकूद विकास ऐन, २०७५ र प्रदेश खेलकूद विकास नियमावली, २०७६ तथा परिषदको नीति तथा निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै म सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकूदको उच्च आदर्श अनुरुप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्दछु। खेलकूदको मर्म र आदर्श प्रतिकुल हुने गरी मैले कुनै पनि क्रियाकलाप गरेमा प्रदेश खेलकूद विकास परिषद्ले तोकेको दण्ड/सजाय एवं कारवाही भोग्न मन्जुर छु । प्रशिक्षण तथा प्रतियोगिताको समयमा कुनै दुर्घटना भएमा म स्वयं जिम्मेवार हुनेछु । माथि लेखिएको सम्पूर्ण व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरिएमा नियम कानुन वमोजिम सहुँला बुझाउँला ।

खेलाडीको हस्ताक्षर.............................

<u>प्रमाणित गर्ने सम्वन्धित निकायका अधिकारीको:</u>

नामः..........................................................................

पदः.............................................................................

दस्तखतः.................................................................

मितिः......................................................................   सम्बन्धित निकायको छाप

अनुसूची-२

(दफा २७ सँग सम्बन्धित)

प्रदेश खेलकूद विकास परिषद्

**खेलाडी तथा निर्णायकका लागि सपथको व्यहोरा**

(क) खेलाडीका लागि

म सम्पूर्ण खेलाडीहरुको तर्फवाट यस ----------------------खेलका सम्पूर्ण नियमहरुको पालना तथा आदर गर्दै खेलकूदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु ।

(ख) निर्णायकका लागि

म सम्पूर्ण निर्णायकहरुको तर्फवाट यस ---------------खेलका सम्पूर्ण नियमहरु पालना गर्दै खेलकूदको उच्च आदर्श र मर्यादा अनुरुप खेलहरु निष्पक्ष रुपमा खेलाउने प्रतिज्ञा गर्दछु।